# निजगढ राजपत्र

## निजगढ नगरपालिकाद्वारा प्रकाशित

खण्डः - १,    संख्या-१    निजगढ,    भाद्र १८ गते २०७६ साल

नगर कार्यपालिकाबाट पारित मितिः २०७६।०५।१८

# भाग - १

# निजगढ नगरपालिका

## निशुल्क कृत्रिम गर्भाधान सेवा संचालन तथा व्यवस्थापन निर्देशिका, २०७६

**प्रस्तावना**

निजगढ नगरपालिका भित्र बसोवास गरी पशुपालनमा सलग्न रहेका कृषकहरुको पशुपालनको माध्यमबाट आर्थिक स्तर उकास्नको निम्ति आधुनिक एवम वैज्ञानिक विधिवाट कृषि कर्म गरी गाई तथा भैंसीहरुलाई कृत्रिम गर्भाधान गरी नगरपालिकाको तर्फवाट निशुल्क रुपमा संचालन गर्न वान्छनीय देखिएकोले निजगढ नगरपालिकाले र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम निजगढ नगरकार्यपालिकाले यो निर्देशिका बनाएकोछ ।

### परिच्छेद - १

**परिभाषा**

क) "कृत्रिम गर्भाधान कर्ता" भन्नाले निजगढ नगरपालिकाबाट सुचना प्रकाशित गरी प्रस्ताव आव्हान गरी सुचिकृत योग्य पशु प्राबिधिकलाई जनाउने छ ।

ख) कार्यपालिका भन्नाले निजगढ नगरपालिकाको नगर कार्यपालिकालाई जनाउनेछ ।

**कार्यकमको लक्ष्य**

क) राष्ट्रलाई दुग्धमा आत्मनिर्भर बनाउन टेवा पुऱ्याउने ।

ख) युवा स्वरोवगार को प्रवर्धन गरी स्वरोजगारी को विकास हुने ।

**कार्यक्रिम को उद्देश्य**

क) निजगढ नगरपालिकालाई आगामि ५ वर्ष भित्र गाई/भैंसी को दुधमा आत्मनिरर्भर बनाउने ।

ख) निर्वहमुखि पशु पालन व्यबसायलाई व्यवसायिक पशुपालन तर्फ अग्रसर गराउन मदत पुग्ने ।

ग) निगजढ नगरपालिकालाइ दुग्ध तथा दुग्घ पदार्थमा आत्मर्निभर बनाउने ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) संक्षिप्त नाम: यस निर्देशिकाको नाम निशुल्क कृत्रिम गर्भाधान सेवा संचालन तथा व्यवस्थापन निर्देशिका २०७६ रहनेछ ।

ख) यो निर्देशिका कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**परिच्छेद - २**

**२. सर्त तथा कार्यविधि :**

क) यस नगरपालिकाको सवै वडाहरुमा यो कार्यक्रम लागु गरिनेछ ।

ख) कृतिम गर्भाधान कर्ताले अविबार्यरुपमा नगरपालिकामा लिखित निबेदन सहित सुचिकृत हुनुपर्ने छ ।

ग) नगरपालिकाबाट तोकिएको कृत्रिम गर्भाधान कर्ताबाट मात्रै यो सेवा उपलब्ध गराईनेछ ।

घ) गाई/भैसीमा एक पटक निशुल्क कृत्रिम गर्भाधान गरे वापत कृत्रिम गर्भाधान कर्तालै प्रति वटा रु.३००।- (अक्षेरपि तिन सय मात्र ।) यस नगरपालिकाको पशु सेवा शाखाको सिफारिस आधारमा भुक्तानी दिईने छ ।

ङ) ) प्रत्येक कृषकको सबै गाई/भैसीमा निःशुल्क कृतिम गर्भाधान सेवा दिइने छ ।

च) नगरपालिकाबाट उक्त कृत्रिम गर्भाधान गरे वापतको रकम भुक्तानि लिन कृषकको हस्ताक्षर भएको अनुसुची २ बमोजिमको कृत्रिम गर्भाधान कार्डमा कृषकको सर्म्पक नम्बर उल्लेख गरी पेश गर्नु पर्ने छ । कृषकको एउटै पशुलाई एक पटक कृत्रिम गराए पश्चात सफल नभई पुन सो पशुलाई कृत्रिम गराउन पर्दा कृषकले रु. ७५/- नगरपालिबाट रु. ७५/- दिइनेछ । साथै तेश्रो पटक गराउन परेमा कृषक स्थय गराउनु पर्नेछ ।

छ) एक कृषकको एक भन्दा बढि गाई/भैंसीमा कृतिम गर्भाधान गर्नु परेमा विवरण

दोहोरीन नदिन  नगरपालिकाबाट भुक्तानी लिन पशुको पहिचान खुल्ने गरी कार्ड र लगत फारम पेश गर्नु पर्दछ ।

ज) कृत्रिम गर्भाधान कर्ताले अनुदानको कृत्रिम गर्भाधान गरे वापतको भुक्तानि प्रत्येक महिनामा प्राप्त गर्न सक्नेछ प्रत्येक कृत्रिम गर्भाधान कर्ताले अनुसुची २ बमोजिमको लगत तयारी गनुपर्ने छ ।

झ) कार्यालयका प्राबिधिक निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रममा सहभागी हुदा सकेसम्म कार्यालयको कांममा वाधा नहुने गरी गर्नुपर्नेछ  ।

ञ) निःशुल्क कृत्रिम गर्भाधान गर्दा एक कृषकको एक  गाई/भैंसीमा  गर्भाधान गर्दा प्राबिधिक दोहरिन सक्ने भएकोले बिस्तृत रुपमा  कृषकसंग सोधपुछ गरेर मात्रै कृत्रिम गर्भाधान गर्ने अन्यथा कुनै कृषककोमा प्राविधिकको लार्परवाहिमा एउटा गाई/भैंसीमा कृत्रिम गर्भाधान गर्दा दुई प्राविधिक दोहोरीएमामा उक्त रकम को भुक्तानि नगरपालिका बाट गरिने छैन ।

ट)  नगरपालिका र कृत्रिम गर्भाधान कर्ता बिच अनुसुची ४ अनुसारको दुई पक्षीय सम्झौता गरिने छ ।

ठ) नगरपालिकाले कृत्रिम गर्भाधान कर्ता छनौट कार्यको सुचना प्रकाशन गर्ने छ र इच्छुक कृत्रिम गर्भाधान कर्ताले नियमानुसार आफ्नो विवरण खुलाएर अनुसुची ३ अनुसारं लिखत निवेदन दिनुपर्ने छ छनौट भएपछिमात्रै कृत्रिम गर्भाधान कताको सम्झौता गरिने छ ।

ड) कृत्रिम गर्भाधान कर्ताले नगरपालिकामा सम्झौता गरे पश्चात कृषकलाई ३६५ दिननै सेवा प्रवाह गर्नु पर्नेछ ।

## परिच्छेद - ३

**३. कार्यक्रमको खर्च :**

क)  नगरपालिका भित्रका गाई/भैसीको कृत्रिम गर्भाधान कार्यको लागि आवश्यक वजेट व्यावस्था नगरपालिकाले गर्ने छ ।

ख) सुचीकृत कृत्रिम गर्भधान कर्तालाई एक पटकको लागि निम्न सामाग्री उपलब्ध गराईनेछ

१. झोला एक-एक थान ।

२. रेन कोट एक-एक थान ।

३. गम बुट एक-एक थान ।

ग) कार्यक्रमको नगरपालिकाका जनप्रतिनिधिहरु र नगरपालिकाका अधिकारप्राप्त अधिकारीबाट अनुगमन हुने छ ।

## अनुसुचि - १

## निजगढ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## निजगढ, बारा

कृ. ग. गर्ने प्राबिधिको नाम -

| क. स. | पशु धनीको नाम थर | मिति | ठेगाना | फोन नं. मोबाइल नं. | पशुको जात | कृषकको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| १३ | | | | | | | |
| १४ | | | | | | | |
| १५ | | | | | | | |

अनुसुचि - २

निजगढ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

निजगढ, बारा

**निःशुल्क कृतिम गर्भाधान कार्ड**

**पशु धनीको नाम**

**पशुधनीको ठेगाना**

**फोन नम्बर/मोबाईल नं.**

| | | | |
|---|---|---|---|
| **सामाजिक वर्गिकरण** | **दलित** | **जनजाती** | **अन्य** |
| **आर्थिक अवस्था** | **विपन्न** | **अन्य** | |
| **पशुको जात** | **गाई/भैंसी/बाखा** | | |
| **उन्नत** | **क्रस** | **स्थानीय** | |

**कृ. ग. गर्ने प्राबिधिकको नाम**

**पद** **सम्पर्क नं.**

**पछिल्लो पटक ब्याएको मिति**

**कृ. ग. मिति** **स्ट्र नं.** **दस्तखत**

## निशुल्क कृतिम गर्भाधान कार्डको पछाडिको भाग

गर्भ परीक्षण तालिका

| गर्भपरीक्षण गर्नेको सही र मिति | गर्भ | | ब्याउने अनुमानित मिति | ब्याएको मिति | लिङ्ग |
|---|---|---|---|---|---|
| | रहेको | नरहेको | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसुचि ३
निजगढ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
निजगढ, बारा

# निशुल्क कृतिम गर्भाधानकर्ताको निवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
निजगढ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
निजगढ, बारा

## विषय : निःशुल्क कृतिम गर्भाधानकर्ता नियुक्त हुन पाउँ ।

महोदय,

मलाई निजगढ नगरपालिकाबाट संञ्चालित निःशुल्क कृतिम गर्भाधान कार्य गर्न तिर्व इच्छा भएकोले निम्नानुसार कागाजत राखि निवेदन पेश गर्दछु। मैले निशुल्क कृतिम गर्भाधान कार्यमा सहभागी हुन पाएमा निर्धारित प्रक्रिया अनुसार निजगढ नगरपालिका भित्रका सबै वडाहरुमा कार्यालयबाट खटाए बमोजिम कार्य गर्नेछु ।

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
२) तालिम, शैक्षिक योग्यताको प्रतिलिपी

निवेदकको
नामः
दस्तखतः
ठेगानाः
मोबाइल नं.

## अनुसूचि - ४
## निशुल्क कृतिम गर्भाधान सेवाको लागि सम्झौता पत्र २०७६

निजगढपालिकाबाट सन्चालन गरिने चालु आ.व...................मा नि:शुल्क कृतिम गर्भाधान सेवा सन्चालन गर्न **निजगढ नगरपालिका** (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) विशिष्टताको आधारमा छनौट भएका युवा नीजि कृतिम गर्भाधानकर्ता श्री/सुश्री/श्रीमती........................................................ (यस पछि दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरु गराई कार्यक्रम सम्पन्न गर्ने सम्झौता/सहमति भएको छ ।

**तपशील**

१. पहिलो पक्षले दोश्रो पक्षलाई निशुल्क कृतिम गर्भाधान गरे वापत सम्झौता अनुसार हरेक महिना कार्यविधि अनुसार नगद/चेक उपलब्ध गराउने छ ।
२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरि आफुले आवेदन गरे अनुसारको नि:शुल्क कृतिम गर्भाधान कार्य सन्चालन गर्ने छ ।
३. दोश्रो पक्षले कृतिम गर्भाधान गराउन आफुलाई तोकिएको वडा वा स्थानमा यथा समयमा अनिवार्य उपस्थित भई कृतिम गर्भाधान कार्य गराउनु पर्नेछ ।
४. पहिलो पक्षले नियमिति रुपमा दोश्रो पक्षले निशुल्क कृतिम गर्भाधान कायसन्चालन गरे नगरेको अनुगमन गर्ने छ ।
५. दोश्रो पक्षले यस कार्यालयमा निशुल्क कृतिम गर्भाधान कार्य गरेको प्रगति प्रतिवेदन मासिक रुपमा बुझाउनु पर्ने छ ।
६. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन् । र सो को जानकारी पहिलो पक्षलाई तुरुन्त जानकारी गराउनु पर्ने छ ।
७. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुने छ ।

**पहिलो पक्ष**
**निजगढ नगरपालिकाको कार्यालयको तर्फबाट**
नाम :
पद:
दस्तखत
मिति :
कार्यालयको छाप :

**दोश्रो पक्ष**
**निशुल्क कृतिम गर्भाधान कर्ताको तर्फबाट**
नाम :
ठेगाना :
दस्तखत
मिति :

सर्म्पक नम्वर

**रोहवर सम्बन्धित शाखाको तर्फबाट**
नाम :
पद :
दस्तखत :
मिति :

**प्रमाणिकरण गर्नेको**
**नाम: सुरेशकुमार खनाल**
**पद: नगर प्रमुख**
**नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७६।०५।१८**
**पृष्ठ संख्या : ८**
**मुल्य : रु. १०/-**